का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १६१
❒ १२ साउन २०७८, मंगलबार
❒ 27 July 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक



रुपन्देहीको सैनामैना नगरपालिका- १ स्थित पर्रोहा परमेश्वर ज्योतिर्लिङ्ग बोलबम धाममा भक्तजन । तस्वीर: युवराज पाण्डे

# दक्षिणपन्थी उक्साह

## ■ मिश्रको प्रस्तावपत्र- संघीयता खारेज, गणतन्त्र आयातित

दुई पटक प्रतिनिधिसभा विघटन गरेका केपी शर्मा ओलीको बहिर्गमन भएपनि संघीयता, गणतन्त्र र धर्म निरपेक्षताको खिलापमा विभिन्न शक्ति सल्बलाएका छन् । त्यसैको निरन्तरतामा पत्रकारिता छोडेर राजनीतिमा क्रियाशील रविन्द्र मिश्रले संघीयता खारेजी र धर्म निरपेक्षताबारे जनमत संग्रहको प्रस्ताव सार्वजनिक गरेका छन् ।



**समाचार टिप्पणी**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन ।

विवेकशील साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्रले संविधानले नचिन्ने प्रस्ताव गरेका छन् । मिश्रले बहसका निम्ति भन्दै संघीयता खारेज गरिनुपर्ने, धर्म निरपेक्षताबारे जनमसंग्रह र गणतन्त्र आयातित भएको प्रस्तावपत्र सार्वजनिक गरेका छन् । उनले उठाएको संघीयता खारेजी, धर्म निरपेक्षताको विकल्प, गणतन्त्रप्रतिको आक्षेप र जनमत संग्रहमा जाने प्रणाली कुनैपनि संविधान प्रतिकुल प्रस्ताव हुन् । संविधानले बहुमतको सरकार हुने, तर अल्पमतको सम्मान हुने परिकल्पना गरेको छ । त्यो भनेको आवधिक निर्वाचन हो । संविधानले दिएको तिनै अधिकारले मिश्रले संविधान विरोध प्रस्ताव राख्न छुट पाएका हुन् । जनमत संग्रहले अल्पमतको सम्मान गर्दैन, बरुको शासन चल्छ । मुलुकले संविधानसभाको नभएर जनमत संग्रहको बाटो रोजेको थियो भने अहिले गणतन्त्र विरोधी आवाज निषेध हुने थियो । जसरी, पञ्चायतमा दलहरुमाथि प्रतिबन्ध थियो ।

तर यो तथ्य बिर्सेर मिश्रले संघीयता खारेजीको प्रस्ताव ल्याएका छन् । संघीयतामा थप भ्रष्टाचार र आर्थिक भारको स्रोत बनेको, नेपालको अखण्डताका लागि पनि घातक बनेको र नेपालका प्रमुख संस्थाहरुलाई क्षयीकृत गर्ने अर्को कडी भएको उनको निष्कर्ष छ । मिश्र लेख्छन्, "उनीहरूको भावना र चाहना, अनि मैले आफूले पढेको, बुझेको समाज र संसारलाई एक ठाउँमा राखेर हेर्दा पछिल्ला वर्षहरूमा नेपालको स्वाधीनता, अखण्डता, सार्वभौमसत्ता तथा जातीय, धार्मिक, सांस्कृति सद्भावमा अपूरणीय क्षतिका स्पष्ट संकेतहरू देखिरहेको छु ।"

उनले स्थानीय निकायलाई पुनर्संरचना र सुदृढ गर्दै संघीयता खारेजी गर्नुपर्ने धारणा अघि सारेका छन् । उनले संसारका झण्डै २०० देश मध्ये लगभग ३० देशमा मात्र संघीयता अभ्यामा रहेको बताउँदै तात्कालिक धरातलीय परिस्थितिहरूका कारण संघीय प्रणाली अवलम्बन गरेको बताएका छन् ।

मिश्रले धर्म निरपेक्षताबारे जनमत संग्रह माग गरेका छन् । नेपाल हिन्दू राष्ट्र भए पनि त्यो धर्म सापेक्षताको साँघुरो र सैद्धान्तिक घेराभित्र नचलेको उनको भनाइ छ । २०६२/६३ सालको जनआन्दोलन र त्यसैको सेरोफेरोमा भएको मधेस आन्दोलनमा धर्म निरपेक्षताबारे कुनै आवाज नउठेको उनले दावी गरेका छन् ।

"अहिले कतिपय विश्लेषकहरू धर्म निरपेक्षताको आवाज त २००७ सालमा प्रजातन्त्र स्थापना भएदेखि नै उठेको थियो भन्ने तर्क गर्छन् । माथि उल्लेख गरिए झैं फाट्टफुट्ट उठ्नु र आमरूपमा उठ्नुमा आकाश-जमिनको अन्तर छ । स्वीकार गरौं, धर्म निरपेक्षता २०६२/६३ को आन्दोलनमा न त आम नेपालीको, न त अल्पसंख्यामा रहेका धर्मावलम्वीहरूको आम आवाज थियो", उनको प्रस्ताव छ । हुन त मिश्रको प्रस्तावबारे उनकै दलमा पनि असहमति देखिएको छ ।

तर तथ्य के हो भने निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले दुई पटक विघटन गरेको संसद् बचेपनि संविधान विरोधी र दक्षिणपन्थी शक्ति सल्बलाएका छन् । संविधानको प्रस्तावमै उल्लेख संघीयता, गणतन्त्र, धर्म निरपेक्षता विरोधी प्रस्ताव एमालेभित्र समेत प्रवेश गरेको छ । धार्मिक कट्टरपन्थीहरुले छिटफुट अभियान चलाउँदै आएका थिए ।

# यादवले पाए वैधानिकता



❝ निर्वाचन आयोगले कार्यकारिणी समिति सदस्यहरुको बहुमतको आधारमा जनता समाजवादी पार्टी (जसपा) को वैधानिकता अध्यक्ष उपेन्द्र यादवलाई दिएको छ । अब महन्थ ठाकुरले अर्को दल दर्ता गराउनुपर्नेछ ।

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

जनता समाजवादी पार्टी (जसपा) को आधिकारिता अध्यक्ष उपेन्द्र यादवले पाएको छ । निर्वाचन आयोगले कार्यकारिणी समितिको बहुमतको आधारमा यादवलाई वैधानिकता दिएको हो । सत्ता समर्थनको विषयमा बढ्दै गएको विवादमा जसपा विभाजित भएको थियो ।

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलाई अध्यक्ष महन्थ ठाकुर पक्षले समर्थन जनाएको थियो । प्रतिनिधिसभा विघटन गर्ने ओलीको कदमलाई ठाकुरले दुई पटक नै समर्थन जनाए । पहिलो पटक मौन समर्थन गरेका ठाकुर पक्षले ७ जेठमा संसद् विघटन गर्न नै सघाएका थिए । तर यादव पक्ष भने संसद् विघटन विरुद्धमा उभियो । दुई पटक नै सशक्त रुपमा यादव पक्ष संसद् विघटनको पक्षमा उभिएको थियो । दुवै पटक संसद् पुनर्स्थापना हुनुको लाभ यादवले पाएका छन् ।

७ जेठमा संसद् विघटनमा समर्थन गर्दै ठाकुर पक्ष ओली सरकारमा सामेल भयो । ओलीले राजेन्द्र महतो सहित १२ जना मन्त्री दिएका थिए । तर सर्वोच्च अदालतले मन्त्रीबाट पदमुक्त गरिदियो । जसपाको विवाद भने कायमै रह्यो । संसद् पुनर्स्थापना सँगै परमादेशबाट नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भए । देउवालाई जसपाका यादव र ठाकुर पक्षले विश्वासको मत दिएका थिए । तर जसपाको पार्टी विवाद भने कायमै रह्यो ।

आयोगले वैधानिकता टुंग्गाउन ५१ सदस्यीय कार्यकारिणी समितिको बहुमतलाई आधार मानेको थियो । त्यसअनुसार सोमबार कार्यकारिणी समितिको हेड काउण्ट गरेको थियो । हेड काउण्टमा यादवको पक्षमा ३४ र अर्का ठाकुरको पक्षमा १६ सदस्यले हस्ताक्षर गरे ।

रेशम चौधरी भने तटस्थ बसे । केन्द्रीय कारगारबाट निर्वाचन आयोग पुगेका चौधरीले कुनैपनि पक्षमा मतदान गरेनन् । जसपाको आधिकारिकताबारे निर्णय लिन आयोगले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको नेतृत्वमा पाँच सदस्यीय इजलास गठन गरेको थियो । उक्त इजलासले यही साउन ३ देखि ६ गतेसम्म कानूनी बहस सकेर आयोगमा कागजातसहित उपस्थित हुन कार्यकारिणी समितिका सम्पूर्ण सदस्यलाई आग्रह गरेको थियो । आयोगको निर्णयपछि जसपाको अर्को पक्षलाई बाँकी पृष्ठ २ मा

# सतर्कता घट्दै, संक्रमण बढ्दै

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

दोस्रो लहरको कोरोना संक्रमण दर बढ्दो बढ्दो क्रममा देखिएको छ । केही समय यता कम देखिएको संक्रमण सोमबार उच्च विन्दूमा पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केही दिनयता कोरोना भाइरस संक्रमण दर बढ्दो क्रममा रहेको जनाएको छ ।

सोमबार सार्वजनिक रिपोर्ट अनुसार नेपालमा तीन हजार ४२१ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । यो संख्या आइतबार भन्दा एक हजार १८४ ले बढी हो । आइतबार मुलुकभर दुई हजार २३७ संक्रमित देखिएका थिए ।

सोमबार १७ हजार २७२ जनाको नमूना परीक्षण गर्दा तीन हजार ४२१ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । योसँगै मुलुकमा कोरोना भाइरस संक्रमितको संख्या सात लाख ३८ हजार ९१८ पुगेको छ । नेपालमा कोरोना भाइरस संक्रमण दर १९.२ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

> दोस्रो लहरको कोरोना संक्रमण दर बढ्दै गएपनि सतर्कता भने न्यून देखिन्छ ।

पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा ९९९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । तीमध्ये काठमाडौंमा ६७७, ललितपुरमा १९७ र भक्तपुरमा १२५ जना रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा थप एक हजार ६८६ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या छ लाख ४५ हजार ३०१ पुगेको छ । नेपाल सङ्क्रमणमुक्त हुने दर ९४.५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

यसैगरी पछिल्लो २४ घण्टामा नेपालमा कोरोना भाइरस सङ्क्रमणबाट थप २५ जनाको मृत्यु भएको छ । योसँगै नेपालमा कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या नौ हजार ७३८ पुगेको छ । नेपालमा कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुने दर १.४३ प्रतिशत रहेको छ ।

मुलुकमा ५०० भन्दा बढी सङ्क्रमित हुने जिल्ला ११ पुगेका छन् । मन्त्रालयका अनुसार ती जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, नवलपरासी (पूर्व), कास्की र रुपन्देही छन् । यस्तै २०० भन्दा बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारमा जाने कामदारलाई खोप दिन दुई अस्पताल तोकियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदार र अध्ययनका लागि जाने विद्यार्थीहरुलाई कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप लगाउन दुई वटा अस्पताल तोकेको छ । रेमिट्यान्स मार्फत देशको अर्थतन्त्रमा ठूलो योगदान दिने वैदेशिक रोजगारीमा जाने कामदार हरुलाई कोरोना भाइरसविरुद्धको खोप दिने विषयमा सरकार असंवेदनशील भएको गुनासो आइरहेका बेला सरकारले सोमबार उनीहरुका लागि दुई वटा केन्द्र तोकेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार एक सूचना जारी गर्दै वैदेशिक रोजगारमा जाने कामदार र विद्यार्थीहरुले प्रहरी अस्पताल महाराजगञ्ज र सैनिक अस्पताल छाउनीमा खोप लगाउन सक्ने जनाएको छ । खोप लगाउनु अघि पासपोर्ट, श्रम स्वीकृति र भिसा अनिवार्य रुपमा देखाउनुपर्ने मन्त्रालयले स्पष्ट गरेको छ । स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठले तत्कालका लागि सीमित केन्द्र तोकिए पनि खोप कार्यक्रमलाई पूर्णरुपमा विकेन्द्रित गरेर प्रदेशस्तरबाटै उनीहरुलाई खोप लगाउन सक्ने प्रबन्ध छिट्टै मिलाइने बताएका छन् । उनले खोप कार्ड पनि प्रदेशस्तरबाटै पाउने व्यवस्था गरिने बताएका छन् ।

कोरोना भाइरसविरुद्ध आफ्ना नागरिकलाई खोप दिएका देशहरुले बाहिरी मुलुकहरुबाट आफ्नो देशमा प्रवेश गर्नेहरुलाई आफ्नो देशले मान्यता दिएको कोरोनाविरुद्धको खोप अनिवार्य गरेका छन् ।

यसअघि आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच भएको छलफलमा एक महिना भित्र वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा रहेकाहरुलाई जोन्सन एण्ड जोन्सनको खोप र एक महिनापछि वैदेशिक रोजगारीमा जानेले भेरोसेलको खोप लगाउने विषयमा सहमति गरेका थिए । जोन्सन एण्ड जोन्सनको खोप एक पटक लगाए पुग्छ भने भेरोसेल कम्तीमा तीन हप्ताको अन्तरालमा दुई पटक लगाउनु पर्ने हुन्छ ।

**वैदेशिक रोजगार विशेष**

## नेपाल फर्किने बेखर्ची कामदारको क्वारेन्टिन खर्च सरकारले व्यहोर्ने

**काठमाडौं/मस–** विदेशका घर फिर्ती केन्द्र 'डिपोर्टेशन सेन्टर'मा बसी स्वदेश फर्किएका, कैदमुक्त भएका र विभिन्न कारणले बेखर्ची भई स्वदेश फर्किएकाहरुलाई नेपालमा लाग्ने क्वारेन्टिन खर्च नेपाल सरकारले व्यहोर्ने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो । मनित्रपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले यसका लागि आवश्यक प्रवन्ध श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिलाउने, आवश्यक रकम अर्थ मन्त्रालयले तत्काल निकासा दिने निर्णय गरेको जानकारी दिए । केही दिनभित्रै उनीहरुका लागि क्वारेन्टिन स्थापना गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

नेपाली कामदारका प्रमुख गन्तव्यका रुपमा रहेका खाडी र मलेसियामा ठूलो संख्यामा नेपाली कामदार बेखर्ची बाँकी पृष्ठ २ मा

## साढे तीन लाखले लिए राहदानी

**काठमाडौं/मस-** राहदानी विभागले गत वर्ष करिब साढे तीन लाख नेपालीले राहदानी बनाएको बताएको छ । कोरोना महामारीले लगभग वर्ष भरी नै अन्तर्राष्ट्रिय उडान बन्द रहँदा वैदेशिक यात्रा प्रभावित भएको थियो । विभागले एक बर्षको अवधिमा ३ लाख ४९ हजार १ सय ७५ थान मेसिन रिडेबस राहदानी (एमआरपी) जारी गरेको बताएको छ ।

त्यसमध्ये २ लाख ८० हजार नेपाली विदेश गएको अध्यागमन विभागले बताएको छ । वैदेशिक रोजगारीमा गएको संख्या करिब एक लाख रहेको छ । वैदेशिक रोजगारीमा रहेका अधिकांश बाँकी पृष्ठ २ मा

# बोर्डद्वारा छात्रवृत्तिको आवेदन खुला

**काठमाडौं/मस–** वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगार पीडित परिवारका बालबालिकालाई छात्रवृत्तिको लागि आवेदन खुला गरेको छ । बोर्डले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गई करार अवधिभित्र ज्यान गुमाएका, पूर्णरुपमा अशक्त र गम्भीर बिरामी भएका परिवारका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत पूर्व प्राथमिक कक्षादेखि १२ कक्षामा अध्ययनरत १८ वर्ष मुनिका बालबालिकाले आवेदन दिन पाउँछन् । बोर्डले सोमबार सूचना जारी गर्दै छात्रवृत्तिका लागि आफू अध्ययनरत शैक्षिक संस्थामा असोज मसान्तभित्र निवेदन दिइसक्नुपर्ने बताएको छ । बोर्डले वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ जारी गरी आवेदनको ढाँचा तोकेको छ ।

# चैतसम्म २ करोड ६५ लाख नेपालीलाई कोरोना खोप

काठमाडौं/मस-सरकारले आगामी चैतसम्म ४ करोड बढी डोज कोरोनाविरुद्धको खोप प्राप्त हुने प्रक्षेपण गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार उमेरका हिसाबले खोप लगाउन योग्य सबै (लक्षित) नागरिकलाई पुग्ने गरी चैतसम्म ४ करोड २८ लाख ४८ हजार डोज खोप प्राप्त हुने प्रक्षेपण गरिएको हो। सरकारले चैतसम्म २ करोड ६५ लाख जनसंख्या (नागरिक)लाई खोप लाउने लक्ष्य लिएको छ। स्वस्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव लक्ष्मण अर्यालका अनुसार चैतसम्म खोप लगाउने भनिएका सबै नागरिकलाई पुग्ने गरी खोप प्राप्त हुने प्रक्षेपण गरिएको हो। उनका अनुसार लक्षित समूहका सबै नागरिकलाई दुई मात्रा लगाउँदा ५ करोड ३० लाख बढी डोज खोप आवश्यक पर्ने देखिन्छ। तर, केही खोप सिंगल डोज (पहिलो मात्रा) मात्रै लगाए पुग्ने खालको पनि प्राप्त हुने भएकाले प्रक्षेपण गरिएअनुसारको खोप लक्षित समूहका सबै नागरिकलाई लगाउन पुग्ने सचिव अर्यालको भनाइ छ। मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखाका प्रमुख डा गुणराज लोहनीले ४ करोड २८ लाख ४८ हजार डोजमध्ये १ करोड ५ लाख ४८ हजार डोज खोप असोजसम्मै प्राप्त भइसक्ने जानकारी दिए। सोमबार प्रतिनिधि सभाको शिक्षा तथा स्वास्थ्य समितिमा कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेका प्रयासबारे जानकारी दिँदै डा. लोहनीले असोजसम्म कोभ्याक्स सुविधा, वैदेशिक अनुदान र खरिदबाट गरी १ करोड ५ लाख ४८ हजार डोज खोप प्राप्त हुने जानकारी दिए।

कोभ्याक्स सुविधाअन्तर्गत जापानबाट १६ लाख डोज एस्ट्राजेनेका खोप प्राप्त हुने बताए। जापानबाट प्राप्त हुने खोप भदौ पहिलो सातासम्म आइपुग्ने उनको भनाइ छ। यस्तै, कोभ्यास सुविधाअन्तर्गत थप ३ लाख ४८ हजार डोज खोप भदौको अन्तिम साता प्राप्त हुने लोहनीले जानकारी दिए।

वैदेशिक सहायताअन्तर्गत चीन सरकारबाट १६ लाख डोज खोप प्राप्त हुने उनको भनाइ छ। चीनबाट अनुदानमा प्राप्त हुने खोप साउन अन्तिम सातासम्म नेपाल आइपुग्ने लोहनीले जानकारी दिए।

असोजसम्म खरिदबाट ७० लाख डोज खोप प्राप्त हुने लोहनीको भनाइ छ। नेपालले भारतबाट पहिले नै खरिद गरेको, तर प्राप्त हुन नसकेको १० लाख डोज कोभिसिल्ड खोप भदौको दोस्रो साता प्राप्त हुने लोहनीले बताए। यस्तै, चीनबाट खरिद गरिएको ६० लाख डोज भेरोसेल खोप भदौ मसान्तसम्म प्राप्त भइसक्ने उनको भनाइ छ।

डा लोहनीले असोजदेखि चैतसम्म ३ करोड २३ लाख डोज खोप प्राप्त हुने जानकारी दिए। जसअन्तर्गत कोभ्याक्सबाट १ करोड १३ लाख डोज निःशुल्क प्राप्त हुने उनको भनाइ छ। कोभ्याक्सबाटै लागत सहभागितामा कोभिसिल्ड, मोडर्ना, फाइजर, जनसन, सिनोभ्याक्स आदि गरी १ करोड ५० लाख डोज खोप प्राप्त हुने लोहनीको भनाइ छ। असोजदेखि चैत सम्ममा बालबालिकाहरुका लागि ६० लाख डोज फाइजर खोप पनि उपलब्ध हुने उनले बताए।

डा लोहनीका अनुसार हालसम्म ९७ लाख ८२ हजार ८५० डोज खोप प्राप्त भइसकेको छ। कोभ्याक्स सुविधाअन्तर्गत ३ लाख ४८ हजार कोभिसिल्ड र १५ लाख ३४ हजार ८५० जनसन गरी १८ लाख ८२ हजार डोज खोप प्राप्त भएको लोहनीले जानकारी दिए। हालसम्म वैदेशिक अनुदानअन्तर्गत चीन सरकारबाट १८ लाख डोज र भारत सरकारबाट ११ लाख डोज खोप प्राप्त भएको छ।

## बाँके डायरी

पवन जायसवाल/मध्यान्ह

### लायन्स क्लब अफ नेपालगन्ज सनराइज गठन



बाँकेमा लायन्स क्लब अफ नेपालगन्ज वाटरपार्कको पहलमा लायन्सको नयाँ लायन्स क्लब अफ नेपालगन्ज सनराइजको नेपालगन्जमा गठन गरिएको छ।

डिष्ट्रिक प्रथम गभर्नर सिबी चन्द्रको प्रमुख आतिथ्यमा लायन्स क्लब अफ नेपालगन्ज वाटरपार्कका अध्यक्ष कृष्णा पाठकको अध्यक्षता सम्पन्न भएको भेलाले गणेश प्रसाद पाठकको अध्यक्षतामा २० सदस्यीय लायन्स क्लब अफ नेपालगन्ज सनराइजको गठन गरिएको छ।

उक्त क्लबको सचिवमा प्रकाश थापा र कोषाध्यक्ष्मा संगीता गौतमलाई चयन गरिएको छ। कार्यक्रममा विशिष्ट अतिथि लायन्स पूर्व गभर्नर सेमराज शाक्य, मधुसुदन शर्मा, लायन्स लिडरहरुमा डिष्ट्रिक एजुकेटिभ चिफ लायनमुकुट ढकाल, एजुकेटिभ चिफ लायन ज्ञानेन्द्र श्रेष्ठ,एजुकेटिभ चिफ लायन नरेश श्रेष्ठ,एरिया चिफ होमनाथ, जोन चियर पर्शन लायन कोमल बखरियाको उपस्थित रहेको थियो।

सो कार्यक्रममा बोल्दै लायन्स लिडरहरुले लायन्सको सिद्धान्तहरुमा रही मानविय कार्यमा लाग्न, अगाडी बढ्न सबैमा अग्राह गरेका थिए। उनीहरुले आफूले लायन्सका विभिन्न पदमा गरेका कार्यहरुको अनुभव समेत कार्यक्रममा सुनाएका थिए।

सो कार्यक्रममा नेपालगन्ज उप-महानगरपालिका वडा नं.१२ का वडाध्यक्ष बुद्धिसागर सुवेदीले लायन्स जोडिँदा पाएकोमा एकदम हर्षित भएको बताए। लायन्स लिडर सरस्वती मल्लले गरेको स्वागत कार्यक्रमको सञ्चालन डिष्ट्रिक एजुकेटिभ चिफ लायन मुकुट ढकालले गरेका लायन्स जमुना थारुले बताइन्।

# नरैनापुर गाउँपालिकामा प्रारम्भिक द्रुत लेखाजोखा तालिम सम्पन्न

बाँकेको नरैनापुर गाउँपालिकामा नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखाको आयोजनामा प्रारम्भिक द्रुत लेखाजोखा तालिम आइतबार सम्पन्न भएको छ। यु.एन.एफ.पी.को सहयोगमा नेपाल रेडक्रस सोसाइटी केन्द्रमार्फत बाँके जिल्लामा संचालन भएको कार्यक्रमबाट बाढी विपदबाट प्रभावित समुदायको यर्थात विवरण संकलन गर्न स्थानीयतह, नेपाल प्रहरी र स्थानीय रेडक्रसका स्वयं सेवकहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको हो। सो तालिममा नरैनापुर गाउँपालिका वडा नं. १ देखि ६ सम्मका वडा सचिव, ती वडामा रहेका नेपाल प्रहरीका प्रतिनिधि, शसस्त्र प्रहरीका प्रतिनिधि र नेपाल रेडक्रस सोसाइटी गंगापुर उपशाखाका स्वयंसेवक गरी २८ जनाको सहभागिता रहेको थियो। उक्त तालिममा विपद् लेखाजोखा मार्गदर्शन २०७२, प्रारम्भिक द्रुत लेखाजोखा, विस्तृत घरधुरी सर्वेक्षण र विपद् व्यवस्थापन सम्बन्धी बनेका ऐन कानुनको बारेमा जानकारी गराइएको थियो।तालिमको समापन कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झना, कोषाध्यक्ष राकेश बहादुर श्रीवास्तव, कार्यालय प्रमुख दोलख बहादुर डाँगी, वडा अध्यक्ष मकसुद अहमद शाह, नि.कार्यकारी प्रमुख विजयकुमार यादव, नेपाल रेडक्रस सोसाइटी गंगापुर उपशाखाका सभापति शालिकराम साहु लगायतले आ-आफनो विचार व्यक्त गरेका थिए भने तालिमको सहजिकरण आपत्कालीन कार्य संचालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवाली, नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका कार्यक्रम अधिकृत प्रहलाद विश्वकर्माले गरेका थिए।

### यादवले ...

नयाँ दल दर्ताका लागि बाटो खुलेको छ। एक वर्षअघि पार्टी एकीकरण भएको जसपा सत्ता समीकरणको विषयलाई लिएर अध्यक्ष यादव र अर्का अध्यक्ष ठाकुर पक्षबीच विवाद देखिएको थियो। जसपाको संघीय संसद्को दुवै सदनमा सांसदको संख्या ३५ छ। प्रतिनिधिसभामा ३२ र राष्ट्रियसभामा तीन सांसद छन्।

वैधानिकता पाएपछि जसपाका अध्यक्ष यादवले जसपा छिट्टै प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा सहभागी हुने बताएका छन्। उनले आफ्नो पक्षमा बहुमत कार्यकारिणी सदस्य रहेको भन्दै पार्टी सरकारमा सहभागी हुने बताए। पार्टीका बाँकी सदस्यले आत्माआलोचनासहित सच्चिएर आएमा विचार गरिने अध्यक्ष यादवको भनाइ थियो।

ठाकुर पक्षका नेता राजेन्द्र महतोले शोषण र उत्पीडनमा परेका जनताका लागि एक वर्षअघि पार्टी एकीकरण गरिएकामा विभाजनको अवस्था आउनु दुर्भाग्यपूर्ण रहेको बताए।

### सतर्कता...

बढी सङ्क्रमित हुने जिल्ला २२ पुगेका छन्। सङ्क्रमितमध्ये ६६९ जना सघन उपचार कक्ष र १६६ जना भेन्टिलेटरमा छन्। होम आइसोलेशनमा २५ हजार ९३ र संस्थागत आइसोलेशनमा दुई हजार ८१५ जना रहेका छन्।

### नेपाल...

अवस्थामा रहेको बताइएको छ। तर अन्तर्राष्ट्रिय उडान सहज नभएका कारण उनीहरु स्वदेश फर्किन पाएका छैनन्। यसरी बेचर्खी हुनेमा वैदेशिक रोजगार विभागबाट अनिवार्यरुपमा लिनुपर्ने श्रम स्वीकृति नलिई रोजगारी गर्ने उद्देश्यसहित भिजिट भिसामा गएर अलपत्र पर्नेहरु पनि ठूलो संख्यामा रहेका विभिन्न देशमा कार्यरत श्रम सहचारीहरुले बताउने गरेका छन्।

सरकारले तोकेको प्रक्रिया छलेर विदेश जाने तर अलपत्र परेपछि सरकारी राहत पाउनेमा अग्रपंक्तिमा आउने गरेको भन्दै कतिपय विज्ञहरुले वैधानिक प्रक्रिया छलेर गएकाहरुलाई सरकारले दिने सुविधाबाट बञ्चित गर्नुपर्ने समेत आवाज उठाउने गरेका छन्।

### गत...

कामदारले विदेशबाटै राहदानी बनाउने गरेका छन्। विभागले हालसम्म ६७ लाख ७९ हजार ४ सय ५८ थानभन्दा बढी एमआरपी जारी भएको समेत बताएको छ।


साउदीमा रोजगार — JADDARAH WORKFORCE SERVICES COMPANY,
पुर्व स्विकृति मिति: २०७८।१।१५ चलानी नं. ६०१५८१२२ LT No. 240036 पुन:बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 20 पुरुष | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७८ साउन १९ र २० गते (3 & 4 August 2021) हुनेछ।
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्च: ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१
सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६१२२, ४०१६२५१



कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी: EVEREST TRANSPORTATION W.L.L शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६६ L.T. No.: 242963

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 14 | 0 | स. काममा दक्ष | 2000 | ६५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 Aug 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

AL NASEER OVERSEAS PVT. LTD.
Gov. Lic. No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com



साउदी र कतारमा रोजगार
१. कम्पनी: ABDULLAH MOHAMMAD AL SAQABI SONS FACTORY शहर: BURAYDAH
पूर्व स्वीकृत मिति: २०७८/०४/१० चलानी नं.: ६०१६०६४६ L.T. No.: 242838

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Vehicle Driver | 9 | 0 | स. काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Offoq Al-Shoroq for Aluminum and Lathe Works शहर: ZULIFI
पूर्व स्वीकृत मिति: २०७८/०४/१० चलानी नं.: ६०१६०६४७ L.T. No.: 242837

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: REDCO INTERNATIONAL WLL शहर: QATAR
पूर्व स्वीकृत मिति: २०७८/०२/३० चलानी नं.: ६०१५८६८८ L.T. No.: 240923 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,३९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 200 | 0 | | 1300 | ४१,३९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 Aug. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | [illegible] |

अल-समित म्यानपावर प्रा. लि.
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com



कतारमा रोजगार
कम्पनी: IN TOWN TRADING AND CONTRACTING SERVICES शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/३१ चलानी नं.: ६०१६०२३३ LT. No.: 242336 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 3 | 0 | | 1000 | ३२,६१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Eurosia Human Resourse Pvt. Ltd.
Govt. Lic. No. 1191/073/074
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel : 01-4380243
Mobile No.: 9851064740, 9851071905
E-mail : eurosiahumanresource@gmail.com, Web : www.eurosiahr.com



Saudi मा रोजगार
१. कम्पनी: QUTAIBAH H.M. AL GAHTANI FOR CAR SERVICE शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०३/११ चलानी नं.: ६०१५९२१९ L.T. No.: 241182

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: QUTAIBAH H.M. AL GAHTANI FOR CAR SERVICE शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०३/०५ चलानी नं.: ६०१५८८६४ L.T. No.: 241181

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 1200 | ३७,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

Destiny Human Resource Nepal Pvt. Ltd.
DHR Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890



साउदीमा रोजगारको अवसर
१. कम्पनी: TAMKEEN HUMAN RESOURCE CO शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०१/०५ चलानी नं.: ६०१५७५३९ LT. No.: 239378 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Laborers | 14 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SUN HORIZON TRAD. GROUP शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०३/२५ चलानी नं.: ६०१५९९५९ LT. No.: 242081 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: MUTLAQ A.AL-UTAIBI EST.FOR TRANSPORTS शहर: AHSA
पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६३३ LT. No.: 243080

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०,
Email- info@merocvs.com / info@luckyhrsolution.com



कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी: DOHA GROUP TRADING & CONTRACTING WLL शहर: QATAR
पूर्व स्वीकृत मिति: २०७७/११/०३ चलानी नं.: ६०१५४५४७ LT. No.: 236059 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,८७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 30 | 0 | | 1100 | ३५,८७१ | | | | | | | |
| 3. | Painter | 89 | 0 | | 1100 | ३५,८७१ | | | | | | | |
| 4. | Electric | 6 | 0 | | 1100 | ३५,८७१ | | | | | | | |
| 5. | Carpenter | 14 | 0 | | 1100 | ३५,८७१ | | | | | | | |
| 6. | Labourer | 20 | 0 | | 1000 | ३२,६१० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा साउन १९ गते (3 Aug. 2021) मा हुनेछ।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४९५१७३२, ४९६५८२६, फ्याक्स: ४३६४५७३
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np



*कैलालीको भजनी नगरपालिकामा पर्ने कान्द्रा नदी डुङ्गामार्फत वारपार गर्दै स्थानीय बासिन्दा । हुलाकी राजमार्गमा निर्माण हुन लागेको पुल दस वर्षसम्म पनि निर्माण सम्पन्न नभएपछि वर्षातको समयमा स्थानीय बासिन्दा ज्यानको जोखिम मोलेर डुंगाबाट नदी वारपार गर्दै आएका छन् । तस्वीरः रासस*

# धनगढीमा पानी निकासबारे अध्ययन गर्न मन्त्रालयले टोली पठाएको हल्ला मात्रै !

**हिमेश बि.क/मध्यान्ह**
धनगढी, ११ साउन

धनगढी उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिबहादुर चन्दले बिहीबार भौतिक पूर्वाधार शाखालाई पत्र लेख्दै परामर्श दाताको समूहलाई सहयोग गर्न ६ सदस्यीय कार्यदल गठन गरेको पत्र सार्वजनिक गरे।

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले परामर्श दाता कम्पनी पठाउने भन्दै सहयोगका लागि प्रमुख प्रशासकीय अधिकृत चन्दले प्राविधिक समूह तयार पारेको पत्रमा उल्लेख गरेका छन्। मोहनापुल-अत्तरिया ६ लेन सडकको दाँया-बाँयामा पर्ने वडा नम्बर २, ३, ४ र १३ को डुबान समस्या समाधानका लागि संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले परामर्श दाता कम्पनी पठाउने उप-महानगरपालिकाले बताएको थियो।

यता मन्त्रालयले उक्त विषयमा छलफलसमेत नभएको जनाएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता केशवकुमार शर्माले उक्त विषयमा कुनै छलफलसमेत नभएको जानकारी दिए । 'मेरो विचारमा यो पानी निकासको काम शहरी विकास मन्त्रालयले हेर्छ । हामीले हेर्ने भनेको- सडक मात्रै हो। पानी निकासका लागि हामीले कसैसँग सम्झौता गरेका छैनौं । कसैलाई पठाउने पनि भनेका छैनौ,' उनले भने।

तर उपमहानगरपालिकाले भौतिक पूर्वाधार मन्त्रालयले खटाएको परामर्श दाता कम्पनीलाई सहयोग गर्न प्राविधिकको समूह तयार पारेको जनाएको छ। एक जना प्राविधिक फिल्ड भिजिटका लागि आएर फर्किएको धनगढी उप-महानगरपालिका वडा नम्बर ३ का अध्यक्ष बलबहादुर ऐरले मध्यान्हलाई बताए । उनले भने, 'साइट हेर्न एक जना आएका थिए । केहि दिनमा पूरै टिम आउँछ भनिएको छ ।'

एक जना प्राविधिक पनि प्राम्भिक अध्ययन गरेर काठमाडौं फर्किसकेको उपमहानगरपालिकाको दाबी छ । बाँकी टोली केही दिनभित्र आउने दाबी धनगढी उप-महानगरपालिकाका इन्जिनियर द्वीजराज भट्टको दाबी छ । उनले भने, 'सम्झौताको चरणमा गएको होला। सम्झौता सिँधै हुन्छ । पुरानो पानी बग्ने ठाउँको अध्ययन हुन्छ। वडाध्यक्ष र स्थानीयसँग छलफल हुन्छ ।'

# श्री पुर माविमा छात्राहरूलाई साइकल वितरण



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ११ साउन

रौतहटमा मुख्यमन्त्री बेटी पढाउ बेटी बचाऊ अभियान अतर्गत श्री पुर माविमा अध्ययनरत कक्षा ८ का छात्राहरुलाई साइकल वितरण गरिएको छ।

प्रमुख अतिथि प्रदेश नं २ का विकास समिति सभापति एवं रौतहट क्षेत्र नं चार (ख) विधायक अबुल कलाम आजाद, विशिष्ट अतिथि मौलापुर नगरपालिकाका प्रशासकीय अधिकृत रामबाबु साह, भूपु अध्यक्ष एवं जेष्ठ नागरिक विशिष्ट अतिथि समाजसेवी एवं युवा नेता एमडि सनम दीपलाल साह, युवा नेता कौशर खान मिथिला,शेख हाकिम, मोहमद सलाहूदिन रामकिशोर साह, बिसुन दयाल यादव, रेवती ठाकुर, समाजसेवी जोखू मिया, रामचन्द्र दस,अबध यादव लगायतको उपस्थितिमा ६३ जना छात्रालाई साइकल वितरण गरिएको हो ।

विद्यालयका प्रधानाध्यापक रामाधार पासवान सहायक, प्रधानाध्यापक पर्शुराम राउत, शिक्षक तथा अध्ययनरत छात्र छात्राहरुको सहभागितामा साइकल वितरण कार्यक्रम सम्पन्न भएको हो । उक्त कार्यक्रम प्रदेश दलित विकास समितिका सदस्य राज कुमार दास तत्माको अध्यक्षतामा सम्पन्न भएको हो ।

# चार वर्षमा भीमदत्तको आन्तरिक आम्दानी पाँच गुणा बढ्यो, २३ करोड ३१ लाख पुग्यो

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ११ साउन

भीमदत्त नगरपालिकाको आन्तरिक आम्दानी २० करोड नाघेको छ । नगरपालिकाले गत आर्थिक वर्ष २०७७/०७८ मा २३ करोड ३१ लाख ७२ हजार राजश्व संकलन गरेको छ ।

चार वर्ष अघि स्थानीय तह निर्वाचनसम्म नगरपालिकाको आन्तरिक आम्दानी पाँच करोड हाराहारीमा थियो । स्थानीय तह निर्वाचनपछि आन्तरिक आम्दानी पाँच गुणा बढेर २० करोड नाघेको छ । स्थानीय तह निर्वाचनपछि पहिलो नगर सभाबाट दोब्बर बढी राजश्व संकलन गरिएको थियो । त्यसपछिका तीन वर्षमा राजश्व वृद्धिलाई निरन्तरता दिएर गत वर्ष २३ करोड पुगेको हो ।

नगरपालिकाले गत वर्ष व्यवसाय करबाट सबैभन्दा बढी १० करोड ३७ लाख ५४ हजार राजश्व संकलन गरेको छ। त्यसपछि सम्पत्ति कर ४५ लाख २५ हजार, मालपोत कर ५४ लाख ७३ हजार, बहाल कर १५ लाख ७३ हजार र सरसफाई शुल्क १० लाख १९ हजार र बाँकी अन्य स्रोतबाट आम्दानी गरिएको छ ।

भीमदत्त नगरपालिकाको राजश्व परामर्श समितिका सदस्य नगर प्रवक्ता हिमाल बहादुर चन्दले करका दायरा वृद्धि, राजश्व प्रशासन सुधार र कर सम्बन्धी सबै सचेतनाले बर्सेनी राजश्व संकलन बढेको बताए ।

'स्थानीय तह निर्वाचन ताकामा झण्डै पाँच करोड हाराहारीमा आन्तरिक आम्दानी थियो, अहिले यो बढेर २३ करोढ बढी भएको छ' उनले भने,'यसमा करका दायरा बढाएका छौं, राजश्व प्रशासनलाई सुधार गरिएको छ, कर सम्बन्धी सचेतना फैलाएका छौं ।'

नगर प्रवक्ता चन्दले नगरपालिकाका सबै वडामा कर सम्बन्धी सचेतना फैलाएर नगर वासिन्दालाई कर तिर्ने बानीको विकास गरिएको बताए । 'कर तिर्न नागरिकको कर्तव्य हो, सचेतनाबाट नगर वासिन्दामा कर तिर्ने बानीको विकास भएको छ' उनले भने,' यसबाट कर बढेको छ, अझै बढ्दै जान्छ ।'

भीमदत्तले स्थानीय तह निर्वाचनपछि आन्तरिक राजश्व बढाउन नगरपालिकाका सबै वडामा कर जागरण अभियान सञ्चालन गरेको थियो । त्यस बाहेक कर संकलन र व्यवसायलाई करको दायरामा ल्याउन एकीकृत घुम्ती शिविर समेत सञ्चालन गरिएको छ ।

कोरोना संक्रमण महामारीले राजश्व संकलनमा ह्रास आउन सक्ने अनुमान गरिएको थियो। त्यस विपरित अघिल्लो वर्षको तुलनामा तीन करोड बढी राजश्व संकलन गरिएको छ ।

अघिल्लो आर्थिक वर्षमा २० करोड ३६ लाख २० हजार राजस्व संकलन गरिएको थियो । त्यस अघि १३ करोड हाराहारीमा राजश्व संकलन गरिएको थियो ।

भीमदत्त नगरपालिकाको राजश्व नीति तथा प्रशासन उप शाखाका अधिकृत नर बहादुर शाहले कोरोना संक्रमण महामारीका कारण अपेक्षित रुपमा राजश्व संकलन हुन नसकेको बताए । 'कोरोनाले सबै क्षेत्रको राजश्व संकलन हुन सकेन, अहिले पनि संकलन हुने क्रम जारी छ' उनले भने, 'राजश्व अझै वृद्धि हुन्छ ।'

भीमदत्तले गत आर्थिक वर्षका लागि व्यवसाय करमा ५ प्रतिशत छुट र जरिवना नलिने निर्णय गरेको छ । कोरोना महामारीका कारण करदातालाई समय थप गरी छुट र जरिवना नलिने निर्णय गरेको हो ।

राजश्व बक्यौता रकम तिर्नका लागि करतादातालाई २०७८ भदौ ५ गतेसम्म समय दिइएको छ । त्यसका लागि भीमदत्तले सोमबार सार्वजनिक सूचना जारी गरेको छ।

# कतार च्यारिटीद्वारा नेपालीहरुका लागि २० हजार बढी सेनिटाइजर सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ११ साउन

मानव कल्याणकारी संस्था कतार च्यारेटीले कतारमा रहेका नेपालीहरूलाई २० हजार थानभन्दा बढी सेनिटाइजर प्रदान गरेको छ । उक्त मानव कल्याणकारी संस्थाले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा ६ हजार वटा (ठूलो साइज) र १४ हजार ४ सय वटा (सानो साइज) गरी ३ बाकस बराबरको २० हजार ४ सय वटा सेनिटाइजर प्रदान गरेको हो ।

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले बिश्वब्यापी रुपमा देखा परेको करोना भाइरस (कोभिड १९) नियन्त्रणका क्रममा कतार सरकारले आफ्नो नागरिक र आप्रवासी नागरिक सबैका लागि समान व्यबहार गर्दै उच्च स्वास्थ्य सतर्कता तथा रोकथामको लागि विभिन्न सावधानीहरू अपनाउदै आएको र उक्त सतर्कता तथा सावधानी कदमहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य सामाग्री उपयोगी भएको बताएका छन् ।

सेनिटाइजर उपलब्ध गराऊने कतार च्यारिटी तथा च्यारिटी सम्पूर्ण पदाधिकारी हरूमा हार्दिक आभार प्रकट गर्दै अध्यक्ष मुसलमानले उच्च स्वास्थ्य सावधानी अपनाउन पनि आग्रह गरेका छन् ।

# बाढी प्रभावित तीन पालिकालाई माओवादी केन्द्र बागमती प्रदेशको ६७ लाख सहयोग

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ११ साउन

बाढी प्रभावित सिन्धुपाल्चोकका तीन पालिकालाई नेकपा माओवादी केन्द्र बागमती प्रदेशले आर्थिक सहयोग गरेको छ । नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं बागमती प्रदेशका पूर्वमन्त्री युवराज दुलाल, केन्द्रीय सदस्य माधव सापकोटा र नेता चन्द्रबहादुर थापाको सक्रियतामा संकलित रकम सोमबार हस्तान्तरण गरिएको हो ।



बागमती प्रदेशभित्र माओवादी केन्द्रले नेतृत्व गरेका स्थानीय तहहरुबाट संकलित रकम मेलम्ची नगरपालिका, हेलम्बु गाउँपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई हस्तान्तरण गरिएको छ।

मेलम्ची र हेलम्बुलाई २३ लाख २९ हजार ९ सय ९९ रुपैयाँ प्रति पालिका र पाँच पोखरी थाङ्पाल गाउँपालिकालाई २० लाख २९ हजार ९ सय ९९ रुपैयाँ प्रदान गरिएको छ ।

रकम हस्तान्तरण गर्दै बागमती प्रदेश कमिटी अध्यक्ष नारायण दाहालले विपत्तिमा सानो सहयोग गरेको बताए । उनले क्षतविक्षत भएको स्थानीय तहलाई पुनः हराभरा बनाउन केन्द्रमा पनि पहल गर्ने वचन दिए। कार्यक्रममा माधव सापकोटाले बाढीग्रस्त क्षेत्र मेलम्ची, हेलम्बुमा तत्काल दुई वटा बेलिब्रिज बनाउन पहल भइरहेको साथै अर्थ मन्त्रालयबाट पुल निर्माणका लागि निर्देशन आइसकेको जानकारी गराए ।

कार्यक्रममा प्रभावित पालिकाहरुबाट प्रतिनिधित्व गर्दै मेलम्ची नगरपालिकाका प्रमुख डम्बर अर्यालले विपद्को बेला सहयोग गरेकामा माओवादी पार्टी नेतृत्वलाई धन्यवाद व्यक्त गरे । उनले पहिरो आएको मुहान क्षेत्रमा तत्काल अध्ययन गरी त्यहाँको बारेमा स्थानीय तह र स्थानीयवासीले सूचना पाउनुपर्ने बताए।

नगर प्रमुख अर्यालले मेलम्ची नगरपालिकाले काम गरेन भनेर आलोचना भइरहेको आफूले सुनेको भन्दै मुहान क्षेत्रको रिपोर्टको पर्खाइमा रहेको र त्यही आधारमा नगरले काम थाल्ने जानकारी दिए ।


## कतारमा वैदेशिक रोजगारको अवसर | १. कम्पनी : MADINA GROUP W.L.L.
शहरः Doha
पुर्व स्वीकृत मितिः २०७७/१२/२४ | चलानी नं.: ६०१५६८८४ | L.T. No.: 238690 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ४५,६९६ | | | | | | | |
| 3. | Labourer | 1 | 0 | | 1000 | ३२,६४० | | | | | | | |

२. कम्पनी : PALFINGER MARINE DOHA — शहरः Doha
पुर्व स्वीकृत मितिः २०७७/१२/०६ | चलानी नं.: ६०१५५८०३ | L.T. No.: 237519 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 1 | 0 | स. काममा दक्ष | 2500 | ८१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : AECOR INTERNATIONAL TRAINING WLL. — शहरः QATAR
पुर्व स्वीकृत मितिः २०७६/१०/१९ | चलानी नं.: ६०१५१००२ | L.T. No.: 232097 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coach | 1 | 0 | स. काममा दक्ष | 5000 | १,६३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी : TEYSEER CONTRACTING CO WLL — शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७७/०९/१४ | चलानी नं.: ६०१५३९८१ | L.T. No.: 235553 | पून विज्ञापन

१३औं दक्षिण एसियाली खेलकुद (साग)का पदक विजेता खेलाडीलाई सोमबार नेपाल एथलेटिक्स संघले नगद पुरस्कार प्रदान गरेको छ। सोमबार आयोजित कार्यक्रममा पदक विजेता आठ खेलाडीलाई संघले पुरस्कृत गरेको हो ।

एथलेटिक्स संघले १३औं सागका स्वर्ण पदक विजेतालाई एक लाख, रजत विजेतालाई ३५ हजार र कांस्य पदक विजेता खेलाडीलाई जनही २० हजार नगद पुरस्कार प्रदान गरेको हो । पदक विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का निमित्त सदस्यसचिव एकेन्द्र कुँवर, बागमती प्रदेशका सदस्यसचिव सूर्य भण्डारी, एथलेटिक्स संघका अध्यक्ष राजीवविक्रम शाह र पूर्व सभासद कल्पना चौधरी (बस्नेत) ले पुरस्कार प्रदान गरेका थिए ।

दुई वर्षअघि नेपालमा आयोजना भएको १३औं सागमा नेपालले तीन स्वर्ण, एक रजत र चार कांस्य पदक जितेको थियो । सन्तोषी श्रेष्ठले १० हजार मिटर, गोपीचन्द्र पार्कीले पाँच हजार मिटर र किरणसिंह बोगटीले म्याराथनमा स्वर्ण पदक जितेका थिए । यसैगरी पुष्पा भण्डारीले महिलातर्फको म्याराथनमा रजत पदक जितेकी थिइन् । यसैगरी सोमबहादुर कुमालले आठ सय मिटर, टंक कार्कीले १५ सय मिटर, हरिकुमार रिमालले पाँच हजामर मिटर र दीपक अधिकारीले १० हजार मिटर दौडमा कांस्य पदक जितेका थिए ।

सोही कार्यक्रममा अल इन्डिया जुनियर एथलेटिक्स च्याम्पियनसिपमा सहभागी हुन जाने अजितकुमार यादवलाई पनि बिदाइ गरिएको थियो । उनले १५ सय मिटर दौडमा प्रतिस्पर्धा गर्ने छन् । यसैगरी केन्याको नौरबीमा आयोजना हुने वर्ल्ड यू-२० जुनियर एथलेटिक्स च्याम्पियनसिपमा पनि अजितले सहभागिता जनाउने छन्। उनले तीन हजार मिटर दौडमा प्रतिस्पर्धा गर्ने छन्। अजितले सन् २०१८ मा हङकङमा आयोजना भएको एसियन जुनियर एथलेटिक्स च्याम्पियनसिपको म्याराथनमा स्वर्ण पदक जितेका थिए ।

# अफ्रिदीले ईपीएल क्रिकेट खेल्ने




**काठमाडौं/मस–** पाकिस्तानका पूर्व कप्तान शाहिद अफ्रिदीले चौंथो संस्करणको एभरेष्ट प्रिमियर लिग (ईपीएल) टी-ट्वान्टी क्रिकेट प्रतियोगिता खेल्ने भएका छन् ।

४४ वर्षीय अफ्रिदीले काठमाडौं किङ्स-११ बाट चौंथो संस्करणको ईपीएल खेल्ने भएका हुन् । काठमाडौं किङ्स-११ ले सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै अफ्रिदीले टोलीबाट ईपीएल खेल्ने जानकारी गराएको छ। अन्तराष्ट्रिय खेलाडीको रुपमा काठमाडौंले अफ्रिदीलाई अनुबन्ध गरेको हो ।

उनले पाकिस्तानका लागि २७ टेष्टमा १७ सय १६ रन र ४८ विकेट हात पारेका थिए । अफ्रिदीले ३ सय ९८ एकदिवसीयमा ८ हजार ६४ रन बनाउँदा ३ सय ९५ विकेट र टी-ट्वान्टीमा ९९ खेल खेल्दै १४ सय १६ रन र ९८ विकेट लिएका थिए ।

यस अघि काठमाडौंले राष्ट्रिय टिमका लेग स्पिनर सन्दीप लामिछानेलाई अनुबन्धित गरिसकेको छ । प्रतियोगितालाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) र नेपाल क्रिकेट संघ (क्यान) ले मान्यता दिईसकेको छ । प्रतियोगितामा ६ शहरका फ्रेन्चाइज टिमले सहभागिता जनाउने छन् ।

साविक विजेता ललितपुर प्याट्रीयट्ससंगै काठमाडौं किङ्स इलाभेन, पोखरा राइनोज, चितवन टाइगर्स, भैरहवा ग्ल्याडियटर्स र विराटनगर वारिवर्सले प्रतिस्पर्धा गर्ने छन् । चौंथो संस्करणको ईपीएल क्रिकेट असोज ९ गतेदेखि असोज २३ गतेसम्म टियु क्रिकेट मैदानमा हुनेछ ।

# मलाई अन्याय भयो : प्रशिक्षक मल्ल

**काठमाडौं/मस–**राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघले एथलेटिक्स प्रशिक्षक इन्द्रा मल्लमाथि नेपाल ओलम्पिक कमिटीले षडयन्त्र गरेको आरोप लगाएको छ ।

काठमाडौंमा सोमबार पत्रकार सम्मेलन गर्दै संघले मल्ललाई प्रतियोगितामा सहभागी नगराउने षडयन्त्र ओलम्पिक कमिटीमा देखिएको उल्लेख गर्दै मल्लको स्थानमा कोभिड बाहाना देखाएर आफ्नो आसेपासे र चाकडी गर्नेलाई लैजाने नियत देखाएको आरोप लगाएको छ ।

पत्रकार सम्मेलनमा प्रशिक्षक इन्द्राले ओलम्पिक कमिटीले आफुमाथि षडयन्त्र गरेको भन्दै न्यायका लागि माग गरिन् । उनले ओलम्पिक कमिटीले दिएको कोभिड रिपोर्ट आफ्नो नभएको दाबी गरिन् । रिपोर्टमा उमेर र लिङ्ग फरक भएको उल्लेख गर्दै कोभिडको नतिजा शंकाले घेरिएको उहाको भनाई छ ।

संघले ओलम्पिकको निन्दनीय कार्यमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) मुखदर्शक बन्नु र कर्मचारीमाथि भएको अन्याय गर्नेविरुद्ध बोल्न नसक्नु कमजोरी मानसिकता रहेको बताएको छ ।

गोपीचन्द्र पार्कीको नाम ओलम्पिकको सुचिबाट काटिएपछि ओलम्पिक कमिटीले सरस्वती चौधरीलाई सय मिटर दौडमा सिफारिस गरेको थियो । नयाँ खेलाडीसंगै एथलेटिक्स संघले प्रशिक्षकमा मल्लको नाम सिफारिस गऱ्यो । सरस्वतीसँग जापान जाने टोलीमा रहेकी मल्ललाई अन्तिम समयमा आएर कोभिड पोजेटिभ देखिएको भन्दै सूचीबाट हटाइएको थियो ।

**Saudi मा रोजगार** Maryam mohammed al saed transportation est.

पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७७/१२/०८ चलानी नं. ६०१५१०३१ LT.No. 247392

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Truck Driver | 5 | काममा दक्ष | 1800 | ५७,१६०/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०७८ साउन १९ गते (Aug. 3, 2021) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १०,०००/- |

**ग्रिन स्टार ओभरसिज प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. : ०१-५९०४१३४, ५९०५७६८

**Saudi मा रोजगार** Creative Recipes Trading LLC

पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७८/०३/३१ चलानी नं.: ६०१६०२०९ LT# 242253

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Chef | 01 | काममा दक्ष | 2200 | ६९,८६२१/- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७८ साउन १९ गते ( 03 Aug. 2021) यस प्रा. लि. को कार्यलय मिनभवनमा हुनेछ ।

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४४९५७४९

**कतारमा रोजगार** | १. कम्पनी :SUNCOAST TRADING & CONTRACTING CO WLL शहर : Qatar

पूर्व स्वीकृत मिति: २०७८/०२/२७ चलानी नं.: ६०१५९०५५ LT. No.: 240031

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (03 Aug 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | कामदारले तिर्ने | कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**टि. जि. एल. नेपाल प्रा. लि.** (प्रिमियर इन्डम्यान कन्सलटेन्ट प्रा. लि.)
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोन: ४३८८६८०, ४३८८६०६ फ्याक्स: ५९०६२५३

**SAUDI मा रोजगार** Malik nasser al harbi general contracting company.

पूर्व स्वीकृती मिति: २०७८/०४/११ चलानी नं. ६०१६०६२२ LT No.: 242849

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Labor | 17 | साधारण | 1000 | ३१,७५९/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | भिसा स्टयाम्पिङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १०,०००/- |

अन्तरवार्ता २०७८ साउन १९ गते (3 Aug. 2021) यस प्रा. लि. को कार्यालय बत्तिसपुतली, काठमाडौंमा हुनेछ ।

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
बत्तिसपुतली, गौशला काठमाडौं, फोन: ४४८७०४४

**साउदीमा रोजगार** | कम्पनी : ABYAT AL-JAZAERA EST. FOR DECORATION शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६१६ L.T. No.: 243043

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Painter | 1 | 0 | | 1400 | ४४,३२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SKILLZONE CONSULTANCY NEPAL PVT. LTD.**
Govt. Lic. No. 1229/074/075
P.O.Box: 15142, KPC 447, Samakhusi-26, Kathmandu, Nepal
Tel.: 01- 4380622, 4382511, 4358633, Fax.: 4363748
Email.: info@skillzoneconsultancy.com, skillzonenepal1229@gmail.com, Web.: www.skillzone.com.np

**SAUDI मा रोजगारको अवसर** | कम्पनी ZAID ALI ABU-HAID SONS COMPANY FOR TRANSPORTATION शहर RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६२५ LT. No.: 243110

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 9 | 0 | | 1800 | ५६,९८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**Rays Recruitment Pvt. Ltd.**
Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com

**साउदीमा रोजगार** | १. कम्पनी : CHEESE MEAL PROVIDING RESTAURANT शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६१८ L.T. No.:242986

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker | 4 | 0 | | 1000 | ३१,६६० | | | | | | | |

२. कम्पनी : Qila Al Jubail Restaurant To Serve Meals शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६२० L.T. No.:242987

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Hussein Ali Al Rashed Contracting Est शहर: AL Hasa

पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६१७ L.T. No.:242984

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 Aug. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**K L Employment Service (P) Ltd.**
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं
फोन : ४४६४११३, ४४९३१८०, फ्याक्स: ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

**कतारमा रोजगार** | कम्पनी: AL BADAR TRADING AND TRANSPORT शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०४/११ चलानी नं.: ६०१६०६३९ L.T. No.: 242894

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 14 | 0 | स. काममा दक्ष | 1900 | ६१,९५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RADIANT OVERSEAS P. LTD.**
Sinamangal - 9, Om Nagar, Kathmandu., Tel.: 01- 4111270
Mob.: 9841781774 , Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069

**SAUDI मा रोजगार** | कम्पनी: QURTOBA INDUSTRIAL FACTORY शहर: Buraydah

पूर्व स्वीकृत मिति: २०७८/०४/१० चलानी नं.: ६०१६०५९६ LT. No.: 242982

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehical Driver | 4 | 0 | स. काममा दक्ष | 1500 | ४७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Rawal International Pvt. Ltd.**
श्रम इजाजत नं.: १०६८/०७३/०७४
Sinamangal - 09, Kathmandu, Nepal, Tel : +977-1-4588550

**साउदीमा रोजगारको अवसर** कम्पनी BAIT ALMAZIE TRADING CO.(BLENDS) शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०४/०८ चलानी नं.: ६०१६०६४५ LT. No.: 242682

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**Synnet International Pvt.ltd.**
Kupondol-10, Lalitpur, Tel: 01-5545018
Gov. Lic No. 206/057/058

**साउदीमा रोजगारको अवसर** | १. कम्पनी JADDARAH WORKFORCE SERVICE COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०३/१४ चलानी नं.: ६०१५९३११ L.T. No.: 241472 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 74 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ALSHALAWI INTERNATIONAL LOGISTICS COMPANY शहर: AL KHOBAR

पूर्व स्वीकृत मिति: २०७७/१२/०२ चलानी नं.: ६०१५५५६६ L.T. No.: 237245 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 20 | 0 | स. काममा दक्ष | 1900 | ६०,१५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola -9, Kathmandu, Nepal, Tel: 4587837, 4589795
Mob: 9823567057, 9843250196, 9813127393, 9823011813
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic No. 817/066/067

## कुलमानले छाडेसँगै घट्यो विद्युत प्राधिकरणको नाफा

# एक वर्षमै झण्डै ५० प्रतिशतले कमी




**हरिप्रसाद अर्याल/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

नेपाल विद्युत प्राधिकरणको नाफामा गुणात्मक गिरावट आएको छ । अघिल्लो आर्थिक वर्षमा ११ अर्ब नाफा गरेको प्राधिकरण आर्थिक वर्ष २०७७/०७८ मा ५ अर्बमा मात्रै सीमित भएको हो ।

निरन्तर नाफामा उन्मुख देखिएको प्राधिकरणमा नेतृत्व परिवर्तन भएसँगै यस्तो नतिजा देखिएको हो । कुलमान घिसिङ्को नेतृत्वमा प्राधिकरण रहँदा प्राधिकरणको नाफा निरन्तर गुणात्मक रुपमा बृद्धि भएको थियो । तर, नेतृत्व परिवर्तन भएसँगै अनौठो गरि नाफामा गिरावट आएको हो ।

प्राधिकरणले भने कोरोना कहर, भारतबाट बिजुलीको आयातमा बृद्धिलगायतका कारणले नाफा घटेको बताएको छ । प्राधिकरणले कालीगण्डकी र त्रिशुली थ्री ए लामो समय मर्मतका लागि बन्द हुँदा भारतबाट बिजुली आयात गर्नुपरेको बताएको छ ।

प्राधिकरणका अनुसार मध्यवर्षाको समयमा पनि भारतबाट बिजुली आयात गर्नुपरेको थियो । सुख्खायाममा विद्युत उत्पादनमा कमी आउनु र ठूला आयोजना मर्मत गर्नु परेको कारण आयातमा बृद्धि भएको र खर्च बढेको प्राधिकरणको दाबी छ ।



### कुलमान आएसँगै वृद्धि भएको नाफा गएसँगै घट्यो

वर्षौंनी गुणात्मक रुपमा घाटामा गईरहेको समय २०७३ को भदौमा कुलमान घिसिङ प्राधिकरणको नेतृत्वमा आएका थिए । घिसिङको इन्ट्रि हुनुपूर्व आर्थिक वर्ष २०७२/७३ मा प्राधिकरणको घाटा रु. ८ अर्ब ८९ करोड थियो । घिसिङ नेतृत्वमा आएसँगै घाटामा गएको प्राधिकरण अनौठो गरि नाफामा गएको थियो । उनले नेतृत्व सम्हालेको एक वर्षमै प्राधिकरणले रु. १ अर्ब ५० करोड नाफा कमाएको थियो ।

घिसिङ नेतृत्वमा आएसँगै प्राधिकरणले गुणात्मक रुपमा नाफा आर्जन गरेको थियो । आर्थिक वर्ष २०७३/०७४ मा १ अर्ब ५० करोड नाफा कमाएको प्राधिकरणले आर्थिक वर्ष २०७४/०७५ मा ३ अर्ब ४३ करोड नाफा कमाएको थियो ।

आर्थिक वर्ष २०७४/०७५ मा झण्डै साढे ३ अर्ब नाफा कमाएको प्राधिकरणले आर्थिक वर्ष २०७५/०७६ मा रु. ९ अर्ब ८१ करोड नाफा कमाएको थियो । आर्थिक वर्ष २०७५/०७७ मा रु. ११ अर्ब नाफा कमाएको थियो ।

### ऊर्जामन्त्री भुसाल भन्छिन् – गरिबलाई नि:शुल्क विद्युत



काठमाडौं/मस- उर्जा, जलस्रोत र सिञ्चाईमन्त्री पम्फा भुसालले गरिबीको रेखामुनी रहेका जनतालाई विद्युतमा विशेष सहुलियत दिने तयारी गरेको बताएकी छिन् । सोमबार मन्त्रालयमा पत्रकारहरुसँग अन्तरक्रिया गर्दै मन्त्री भुसालले गरिबीको रेखामुनी रहेका निश्चित समुदायलाई नि:शुल्क विद्युत दिने योजनामा रहेको बताएकी हुन् ।

उनले नि:शुल्क विद्युत दिने योजनामा गृहकार्य गरिरहेको बताइन् । 'आधार भूत तहबाट तल रहनेहरूलाई नि:शुल्क विद्युत दिनुपर्छ, म सामान्य एउटा गृहकार्य गरिरहेको छु, पछि यसबारेमा मैले जानकारी गराउनेछु, त्यो तहका जनतालाई नि:शुल्क विद्युत दिनुपर्छ', मन्त्री भुसालले भनेकी छिन् । उनले एकातिर बिद्युत उत्पादन भएर खेर जाँदैछ भन्ने र अर्कोतिर जनतालाई सहुलियत दिन नसक्ने स्थितिको पनि समाधान गर्ने उल्लेख गरिन् । उनले विद्युतको दरमाथि पुनर्विचार गरेर अलि सस्तो बनाउने पक्षमा आफू रहेको र त्यसका लागि आफुले अध्ययन गरिरहेकोसमेत बताइन् ।

मन्त्री भुसालले सुशासनलाई उच्च प्राथमिकता दिएर काम गर्ने बताइन् । जनतालाई गुणस्तरीय सेवा दिनका लागि सुशासनलाई आफूले पहिलो प्राथमिकतामा राख्ने उनको भनाई थियो ।

## सामाजिक सुरक्षा कोषमा सूचीकृत हुने बढे

# अटेर गर्नेको बैंक खाता रोक्का




**अशोक घिमिरे/रासस**
काठमाडौं, १० साउन ।

सरकारको घोषणालाई अटेर गर्दै बसेका ठूला रोजगारदाता पछिल्लो समय सामाजिक सुरक्षा कोषमा धमाधम आबद्ध हुन थालेका छन् । कोष योजनाको कार्यान्वयनमा आक्रामक रुपमा अघि बढ्न थालेपछि रोजगारदाताको कोषमा आबद्धता हुने क्रम बढेको हो ।

गत असार मसान्तसम्म कोषमा ठूला औद्योगिक घराना, बहुराष्ट्रिय कम्पनी, बैंक तथा वित्तीय संस्था, हजारौं श्रमिक कार्यरत ठूला कम्पनी सूचीकृत भएका छन् । आइतबारसम्म १५ हजार ३६ रोजगारदाता र दुई लाख ७४ हजार ६२८ श्रमिक आबद्ध भएका छन् । कोषमा आबद्ध हुन वाहनावाजी गरिरहेका बैंक तथा वित्तीय संस्था पनि पछिल्ला केही दिनयता सूचीकृत हुन थालेका कोषका सहप्रवक्ता रोहित रेग्मीले जानकारी दिए ।

हालसम्म ७१ बैंक तथा वित्तीय संस्था कोषमा आबद्ध भइसकेका छन् । आधाभन्दा बढी बैंक तथा वित्तीय संस्था कोषमा सूचीकृत भएका छन् । नेपाल राष्ट्र बैंकको गत चैत मसान्तसम्मको तथ्याङ्कअनुसार नेपालमा १३९ वटा बैंक तथा वित्तीय संस्था सञ्चालनमा छन् । तीनवटा वाणिज्य बैंकसहित ४० वित्तीय संस्थाले योगदान रकम दाखिला गर्न थालिसकेका छन् । कोषमा नौ वाणिज्य बैंक, तीन विकास बैंक, १३ वित्त कम्पनी र ४६ वटा लघुवित्त कम्पनी सूचीकृत भएका छन् ।

कोषमा सूचीकृत भएका वाणिज्य बैंक मध्ये स्ट्यान्डर्ड चार्टड, लक्ष्मी र नेपाल एसबीआइ बैंकले योगदान रकम दाखिला गर्न शुरु गरिसकेका छन् । ३४ बीमा कम्पनी पनि कोषमा सूचीकृत भएका छन् । सूचीकृतमध्ये १३ वटाले योगदान रकम जम्मा गर्न थालेका कोषले जनाएको छ ।

यसैगरी बहुराष्ट्रिय कम्पनी, ठूला औद्योगिक घराना पनि सूचीकृत भइसकेको कोषका सहप्रवक्ता रेग्मीले जानकारी दिए । वरुण वेभरेज, बोटलर्स नेपाल, बोटलर्स नेपाल तराई, एनसेल, डाबर, युनिलिभरलगायत बहुराष्ट्रिय कम्पनी कोषमा सूचीकृत भएका छन् । बहुराष्ट्रिय कम्पनीमा हजारौं श्रमिक आबद्ध छन् । चौधरी ग्रुप, एफवान सफ्ट (आइटी कम्पनी), इन्टरनेट सेवा प्रायक, लक्ष्मी ग्रुप, केएल दुगड, अम्बे ग्रुप, यति एयरलाइन्सलगायत ठूला औद्योगिक घराना पनि कोषमा आबद्ध भएका छन् ।

### अटेर गर्ने रोजगारदाताप्रति कठोर हुने संकेत

कोषले सूचीकृत हुन अटेर गर्ने रोजगारदाताप्रति कठोर हुने संकेत गरेको छ । कोषमा सूचीकृत हुन बारम्बार आग्रह गरेपनि अटेर गर्ने रोजगारदाताको बैंक खाता रोक्का, सम्बन्धित व्यक्तिको चलअचल सम्पत्ति रोक्का, रोजगारदाताको अनुमतिपत्र वा इजाजत पत्र निलम्बन र सम्बन्धित व्यक्तिको राहदानी रोक्का राख्ने सम्मका प्रक्रिया अगाडि बढाउने कोषको तयारी छ । योगदानमा अधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ९ ले कोषमा सूचीकृत हुन अटेर गर्ने रोजगारदातालाई कारबाही गर्ने आधार दिएको छ ।

नेपालको संविधान, ऐन, कानूनबमोजिम तोकिएको समयभित्र कोषमा सूचीकृत हुन नआउने रोजगारदाताप्रति कारबाही प्रक्रिया अघि बढ्ने सहप्रवक्ता रेग्मीले बताए । 'योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १७ र नियमावली, २०७५ को नियम १२ अनुसार कोषले कारबाही प्रक्रियालाई अगाडि बढाउँछ', उनले भने ।

सामाजिक सुरक्षा ऐनको दफा १७ मा तोकिएको अवधिभित्र कोषमा सूचीकरण नभएमा वा रोजगारदाताले नियुक्त गरेको श्रमिकलाई कोषमा सूचीकरण नगरेमा तत्काल कोषमा सूचीकरण गर्न आदेश दिन सक्ने व्यवस्था छ । यस्तै रोजगारदाता र श्रमिकबीच रोजगारसम्बन्धी कायम भएको मितिदेखि ऐनअनुसार जम्मा गर्नुपर्ने योगदान र सोको ब्याजसमेत कोषमा दाखिला गर्न, रोजगारदाता र श्रमिकबीच रोजगार सम्बन्ध समाप्त भइसकेको अवस्था देखिएमा रोजगार सम्बन्ध कायम रहेको अवधिको श्रमिकले पाउनुपर्ने सुविधा बराबरको रकम तोकिएको अवधिभित्र श्रमिकलाई उपलब्ध गराउन आदेश दिनसक्ने व्यवस्था छ ।

### योगदान रकम फिर्ता गर्न जिफार्सलाई निर्देशन

यसैबीच निषेधाज्ञाका समयमा रोजगारदाता र श्रमिकको योगादनबापत हुने आउने रकम सरकारले नै जम्मा गरिदिएको भएपनि योगदानकर्ताको पारिश्रमिकबाट ११ प्रतिशत रकम कट्टी गरेको पाइएपछि कोषले उक्त रकम तत्काल श्रमिकलाई फिर्ता गर्न जिफोर्स सेक्युरिटी कम्पनी प्रालिलाई निर्देशन दिएको छ ।

उक्त कम्पनीले गत जेठ र असार महिनाको योगदानकर्ताको ११ प्रतिशत रकम कट्टा गरेको भन्दै कोषमा उजुरी परेको थियो । सरकारले बजेट वक्तव्यमार्फत जेठ र असार महिनाको योगदान रकम सरकार स्वयंले व्यहोर्ने घोषणा गरेको थियो ।

## चौधरीद्वारा नाडाको भावी अध्यक्षको उम्मेदवारी घोषणा



**काठमाडौं/मस-** नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालको भावी नेतृत्वका लागि व्यवसायी करण चौधरीले आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । सोमबार आफ्नो आधिकारिक फेसबुक (सामाजिक सञ्जाल) मार्फत सूचना सम्प्रेषण गर्दै चौधरीले नाडाको भावी अध्यक्षको लागि आफ्नो उम्मेदवारी दिने घोषणा गरेका हुन् ।

फेसबुक स्टाटसमार्फत चौधरीले भनेका छन्, 'नाडा अटोमोबाइल एसोसिएसन आफ नेपाल' एक शिखर संस्था हो । जसले नेपालमा अटोमोबाइल उद्योगको सुधारको लागि काम गरिरहेको छ । जुन संस्थामा म अनवरत रुपमा एक दशकभन्दा बढी समयदेखि क्रियाशील छु ।'

हाल नाडाको उपाध्यक्षसमेत रहेका चौधरीले समग्र अटोमोबाइल क्षेत्रको वृद्धि विकास एवं सुधारका खातिर नयाँ परिवर्तन ल्याउने प्रतिबद्धतासमेत जनाएका छन् ।

'कोभिड-१९ ले अटोमोबाइलका साथै सम्पूर्ण राष्ट्रिय अर्थतन्त्रमा समस्या निम्त्याएको छ, मलाई विश्वास छ कि, अटोमोबाइल क्षेत्रले राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ, र यो पनि विश्वास गर्दछु कि यस उद्योगमा संलग्न सबैले यस साझा लक्ष्यमा सँगै मिलेर काम गर्नुपर्दछ । यसले नयाँ विचारहरू, पहलहरू, र नवीनता ल्याउने छ, जसका लागि म यो कुरामा म दृढ विश्वास गर्छु कि थप मेरो नेतृत्वले यसलाई थप उचाई दिनेछ', उनले भनेका छन्, 'समग्र अटोमोबाइल क्षेत्रको वृद्धि विकास एवं सुधारका खातिर नयाँ परिवर्तन ल्याउने र नयाँ पन थप्ने उद्देश्य साथ म नाडाको भावी नेतृत्वका लागि अध्यक्षमा उम्मेदवारी घोषणा गर्दछु, मेरो उम्मेदवारीमा तपाईहरु सबैको साथ र सहयोग रहनेमा म विश्वस्त छु ।'

चौधरी ग्रुप अफ कम्पनी अन्तर्गतको चारपाङ्गे गाडी हेर्ने सिसी मोटो कर्पका प्रबन्ध निर्देशक रहेका छन् ।

## फुडमाण्डुमा इसेवामार्फत भुक्तानी गर्न सकिने, ३०० रुपैयाँसम्मको छुट

काठमाडौं/मस- अनलाइन फुड डेलिभरी प्लेटफर्म फुडमाण्डू र मोबाइल वालेट इसेवाबिच सहकार्य सुरु भएको छ । यस सहकार्य अनुसार फुडमाण्डूका प्रयोगकर्ताहरुले मोबाइलवालेट इसेवामार्फत खानाको अर्डरमा भुक्तानी गर्न सक्ने छन् ।

फुडमाण्डूमा हुने अर्डरहरूमध्ये अनलाइन पेमेन्टमा ग्राहकहरुको रुची बढिरहेको बेलामा इसेवाको उपलब्धताले थप सहजहुने कम्पनीका ब्राण्ड, सेल्स एण्ड मार्केटिङ्ग म्यानेजर श्यामरत्न मालीले बताए ।

'हाम्रोमा अहिले ३० प्रतिशतभन्दा धेरै अनलाइन पेमेन्ट भईरहेको छ र ठूलो नेटवर्क भएको इसेवालाई जोड्न पाउँदा त्यसमा अझ वृद्धि हुने अपेक्षा गरेका छौं । यसले अब ग्राहकहरुलाई सजिलो तरिकाले फुड अर्डर गर्दा भुक्तानी गर्न सकिनेछ,' उनले भने ।

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापनदाताहरूले** विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा.लि.**
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरूले** विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह** Madhyanha Daily दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**